# वेलका नगरपालिकाको विनियोजन ऐन २०७५

## वेलका नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५/०३/३२

**प्रस्तावनाः** वेलका नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वेलका नगरपालिकाको दोश्रो नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " वेलका नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

(क) "नगर सभा" भन्नाले बेलका नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले बेलका नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले बेलका नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "विषयगत शाखा" भन्नाले बेलका नगरपालिका अन्तर्गतको विभाग, शाखा, सचिवालय, इकाई, कार्यालय तथा अन्य प्रशासनिक इकाई समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले बेलका नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

२. **आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७५/०७६ को लागि वेलका नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची - १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ***रु. ४७,८६,६७,८८४।- (अक्षेरुपी सइ्चालिस करोड छयासी लाख सइ्सट्ठी हजार आठसय चौरासी रुपैंया मात्र)*** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट रकम खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को आय तथा व्ययको संक्षिप्त विवरण, अनुसूची - २ मा, वेलका नगरपालिका नगर कार्यपालिका, र विषयगत शाखा मार्फत सञ्चालन हुने चालू तथा पूँजिगत कार्यक्रमको विष्तृत विवरण अनुसूची - ३ मा, वडा स्तरीय पूँजिगत कार्यक्रमको विष्तृत विवरण, अनुसूची - ४ मा, वे.न.पा.मा गै.स.स.हरु मार्फत सञ्चालन गरिने आयोजनाहरुको विवरण अनुसूची - ५ मा र योजना बैंकमा

समावेश गरी क्रमश नगर स्तरबाट कार्यान्वयन हुने र प्रदेश तथा संघीय सरकारमा पेश गर्ने योजनाहरुको विवरण अनुसूची - ६ मा उल्लेख भए अनुसार विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै मा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा वेलका नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षक अन्तर्गत जम्मा रकमको ५ प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको ५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्ने वा नगरसभाबाट अनुमोदन गराउनुपर्नेछ ।

## अनुसूचि - १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकमको संक्षिप्त विवरण

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | नगर कार्यपालिका | ६,६२,५३।०० | १८३३०५।४७७ | ०।०० | २४,९५,५८।४७७ |
| २ | | वडा समिति | ०।०० | ७२५८८।४०७ | ०।०० | ७,२५,८८।४०७ |
| ३ | | बिषयगत शाखा | १२,७१,०७।०० | २,६०,९३।०० | ०।०० | १५,३२,००।०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ५ | | लगानी (शेयर/ऋण) | ०।०० | ०।०० | ०।०० | ०।०० |
| **जम्मा :** | | | | | | ४७,५३,४६।८८४ |